मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

खोपः कोरोनाको पूर्ण रोकथाम होइन, यसले सुरक्षित हुन सघाउने मात्र हो । खोप लगाऔं, अनुशासित जीवनशैली अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २६ ◆ अङ्क : ३०८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज २१ गते विहीवार (Thursday, October 7. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## अष्ट्रेलिया पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ



**मोरङ, असोज २०।** अष्ट्रेलिया पठाईदिन्छु भनि रकम ठगी गर्ने एक व्यक्ति पक्राउ परेका छन् ।

मोरङ बिराटनगर-१३ घर भई हाल काठमाडौं-१० मध्यबानेश्वर बस्ने वर्ष ४१का मणि निरौलाले डिपेन्डेन्ट भिषामा अष्ट्रेलिया पठाउँछु भनी ठगी गरेको उजुरीको आधारमा अपराध अनुसन्धान महाशाखाको विशेष टोलीले उनलाई पक्राउ गरेको हो ।

निरौलाले आफूलाई क्वीन्सल्याण्ड एजुकेशन फाउण्डेशनको सञ्चालक हुँ भनी जिल्ला म्याग्दी मङ्गला-५ घर भई हाल काठमाडौं टोखा-१ बस्ने वर्ष २४ को सुजन खत्रीसँग बाह्र लाख रुपैयाँ लिएका थिए । निरौला उक्त रकम लिई भनेको समयभित्र सम्पर्कविहीन भई ठगी गरेको भनी महाशाखामा जाहेरी परेपछि खोजतलास गर्ने क्रममा प्रहरीको विशेष टोलीले निरौलालाई नयाँबानेश्वरबाट पक्राउ गरी थप अनुसन्धानको लागि महानगरीय प्रहरी वृत्त सिंहदरबार काठमाडौं पठाएको बताइएको छ ।

## वेबसाइट र एपहरुले बालबालिकालाई हानी पुऱ्याउने

**काठमाडौं, असोज २०।** फेसबुकका वेबसाइट र एपहरुले बालबालिकालाई हानी पुऱ्याउने र विभाजनहरु बढाएर प्रजातन्त्रलाई कमजोर बनाउने फेसबुकका पूर्व कर्मचारी फ्रान्सिस हवगनले अमेरिकी विधायकहरुलाई जानकारी दिएकी छिन् ।

यस विषयमा सबै जानकारी भएता पनि कम्पनीका वरिष्ठ कर्मचारीहरुले मुनाफालाई प्राथमिकतामा राखेको उनले बताइन् । फेसबुकका प्रोडक्ट म्यानेजरकी रूपमा काम गरेकी ३७ वर्षीया फ्रान्सिस हवगनले कम्पनीका गोप्य कुराहरू चुहाएको बताइएको छ । उनले अमेरिकी संसद् रहेको क्यापिटल हिलमा समेत त्यस विषयमै

*(बाँकी अन्तिम पृष्ठमा)*

प्रभावकारी बन्दै भरणपोषण कार्यक्रम

# गर्भवतीलाई वडाबाटै पोषिलो खानेकुरा

सुरेन्द्र भण्डारी

**झापा, असोज २०।** सरकारले गर्भवती महिलाका लागि विभिन्न कार्यक्रम सञ्चालनमा ल्याए पनि प्रभावकारी बन्न नसकिरहेका बेला गर्भवती महिला स्थानीय सरकारका कार्यक्रमप्रति आकर्षित देखिएका छन् ।

सरकारले गर्भवती महिलाका लागि सुनौलो हजार दिन, गर्भवती महिलालाई अस्पतालमा सुत्केरी गराए बापत यातायात खर्चको व्यवस्था गरे पनि त्यसप्रति गर्भवती महिलाको आकर्षण नबढ्दा कतिपय गर्भवती महिलाले घरमै ज्यान गुमाउँदै आएका थिए । तर, झापाको बाह्रदशी गाउँपालिकामा सञ्चालित गर्भवती लक्षित कार्यक्रमप्रति भने महिलाको आकर्षण बढेको देखिएको हो । सीमान्तकृत तथा आदिवासी महिलाहरुको बाहुल्य रहेको बाह्रदशीमा वडा तथा गाउँपालिकाले सञ्चालन गरेको गर्भवती लक्षित कार्यक्रमप्रति महिलाको सहभागिता समेत उत्साहजनक रहेको पाइएको छ ।

बुधवार बाह्रदशी गाउँपालिका-१ भागुडुब्बा नजिकै रहेको ज्येष्ठ नागरिक भवनमा वडाभरिका गर्भवती महिलालाई एकै ठाउँमा भेला गर्दै उनीहरुमा आउन सक्ने समस्या र स्वास्थ्य उपचारका विषयमा जानकारी, गर्भावस्थामा पोषिलो खानेकुराको आवश्यकताका बारेमा जानकारी दिँदा त्यस क्षेत्रका महिला उत्साहित देखिएका थिए ।

कार्यक्रममा सहभागी हुन आएकी बाह्रदशी-१ खयरवारीकी दुलहन मुर्मूले आफूहरुलाई भिडियो एक्स-रे गर्ने खर्च समेत गाउँपालिकाले उपलब्ध गराउँदै आएको प्रति खुशी व्यक्त गरिन् । उनले भनिन्- 'पहिलोपटक गर्भ रहँदा आफूलाई केही कुराको ज्ञान थिएन । यस्तो



अवस्थामा अरुलाई सोधीरहन पनि लाज हुँदोरहेछ । तर, यसरी सामुहिक रुपमा सबै महिलालाई एकै ठाउँमा भेला गर्दा एकापसमा धेरै कुरा साटासाट गर्ने अवसर पायौं, ज्ञानसँगै आफू र गर्भावस्थाको विषयमा धेरै कुरा सिक्न पाइयो ।'

आफू गर्भवती भएदेखि नै नियमित स्वास्थ्य जाँच गराउँदै आएको र ९ महिनासम्म नै नियमित स्वास्थ्य जाँच गराउने बताउँदै- उनले भनिन्- सुन्दैछु अहिले गाउँपालिकाले सुत्केरी गराउन अस्पताल जाँदा समेत पाँच हजार रुपैयाँ दिन्छ अरे । मुर्मू जस्तै कार्यक्रममा सहभागी भागुडुब्वाकी पवित्रा हजामले पनि वडा कार्यालयले सञ्चालन गरेको कार्यक्रमप्रति खुशी व्यक्त गरिन् । उनले भनिन्- मेरो गर्भ रहेको आठ महिना पुरा भयो, अहिलेसम्म नियमित स्वास्थ्य जाँच गरिरहेकी छु । हामी जस्ता महिलाका लागि यो कार्यक्रम निक्कै प्रभावकारी छ । अझ विपन्न

*(बाँकी अन्तिम पृष्ठमा)*

## सहमति कार्यान्वयन नगरेको भन्दै विप्लव माओवादी सडकमा



**बिर्तामोड, असोज २०।** नेपाल कम्प्युनिष्ट पार्टीले सरकारसँग भएको तीन बुँदे सहमति कार्यान्वयनप्रति सरकार उदासीन भएको भन्दै असन्तुष्टि जनाएको छ ।

नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले गत फागुन २३ गते सरकारसँग तीन बुँदे सहमति गरेको थियो । सहमति अनुसार विप्लव समूहका पक्राउ परेका सम्पूर्ण नेता तथा कार्यकर्तालाई विना शर्त रिहा गर्ने सहमति भएको थियो ।

सहमति भएको लामो समयसम्म पनि सरकारले सहमति कार्यान्वयन नगरेको भन्दै विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले असन्तुष्टि जनाएको हो । बुधवार इलाममा सहमति कार्यान्वयन गर्न सरकारलाई दबाब दिने उद्देश्यले प्रदर्शन समेत भएको छ । इलामको मुख्य चोक बजारमा सम्पन्न प्रदर्शनलाई नेकपा इलामका सचिव मौसमले सम्बोधन गरेका थिए । उनले तीन बुँदे सहमतिप्रति सरकारले वेइमानी गरे आफूहरु कडा रुपमा प्रस्तुत हुने चेतावनी दिए । जनताको पहलमा संघर्ष गर्दै आएको भन्दै उनले सरकारले इमान्दारिता देखाउनु पर्ने बताए । नेपाल कम्युनिष्ट पार्टीलाई दबाबमा राख्ने वा गलाउने सपना नदेख्न नेपाल कम्युनिष्ट पार्टीले चेतावनी समेत दिएको छ ।

यसैबीच इलाममा नेपाल कम्युनिष्ट पार्टी निकट युवा संगठन नेपालको प्रथम जिल्ला सम्मेलन सम्पन्न भएको छ । बुधवार सम्पन्न सम्मेलनले मदन गजमेर विद्रोहीको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति गठन गरेको छ । सम्मेलनमा पार्टीका केन्द्रीय सदस्य तथा इलाम जिल्ला इञ्चार्ज सुमन सिंह, युवा संगठनका मेची-कोशी व्यूरो संयोजक सुवास राई, इलाम सेक्रेटरी जीतमान राई मौसम र जिल्ला सदस्यहरुको सहभागिता रहेको थियो । सम्मेलनमा केन्द्रीय सदस्य एवम् इलाम जिल्ला इञ्चार्ज सिंहले इलाममा शहीदहरुको रगत र घाइते अपाङ्ग योद्धाहरुको योगदान तथा आम इलामेली जनताको सपना स्मरण गर्दै त्यो पूरा गर्न नेपाल कम्युनिष्ट पार्टी कटीबद्ध रहेको उल्लेख गरे ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# आजबाट वडादशैं शुरू

**झापा, असोज २०।** आजबाट नेपालीहरुको महान चाड बडा दशैं शुरु भएको छ । दशैंको पहिलो दिन आज घटस्थापना हो । पौराणिक र तान्त्रिक महत्वलाई दृष्टिगोचर गरी दुर्गा भवानीको कृपा तथा आशिर्वाद प्राप्त गर्नका लागि विजयादशमी मनाउने शास्त्रीय विधान छ ।

शुद्ध माटो तथा गोबरले घर शुद्ध बनाएर शास्त्रीय विधि अनुसार शुभ मुहूर्तमा घडा स्थापना गरी घडाको नजिक सप्तधान्य (जमरा) बीजारोपण गरी नौ दिनसम्म विभिन्न नामले शक्तिको पूजा आराधना गरिन्छ । त्यस पश्चात् प्रसाद स्वरूप दशमीको दिन लगाउने टीकाबाट धर्म, अर्थ, काम र मोक्ष प्रदायक हुने कुरा देवी भागवतमा बताइएको छ ।

आषाढ शुक्ल, आश्विन शुक्ल, माघशुक्ल र चैत्र शुक्ल गरी वर्षमा चारवटा नवरात्रहरू पर्ने गर्दछन् ।



यी चार नवरात्रहरूमा आषाढ शुक्ल र माघ शुक्लपक्षका तिथिहरुलाई 'गुप्त नवरात्र' भनिन्छ । यी नवरात्र साधकहरूका लागि उपयोगी मानिन्छन् । चैत्र शुक्ल र आश्विन शुक्लपक्षमा आम मानिसहरूले शक्तिको आराधना गर्ने गर्दछन् ।

नेपालीहरुको मूल पर्व विजयादशमीको पहिलो दिन घर-घरमा जमरा राख्ने तथा घडाको स्थापना गरेर मनाइँदैछ । सुख-समृद्धि र ऐश्वर्यको प्रतीक मानिने कलश स्थापना गर्ने दिन नवरात्रको पहिलो दिन अर्थात् घटस्थापना हो । घडालाई सुख-समृद्धि र ऐश्वर्यदायक तथा मंगलकारी मान्ने गरिएको छ । यसरी स्थापना गर्ने घडाको मुखमा भगवान विष्णु, गलामा रुद्र एवम् महादेव, मूलमा ब्रह्मा तथा मध्यमा देवी शक्तिको निवास मानेर सोही अनुसार पूजा गर्ने गरिन्छ । नवरात्रिको समयमा ब्रह्माण्डमा उपस्थित शक्तिहरुको घडामा आव्हान गरेर उनीहरुलाई कार्यरत गर्ने गरिएको छ । यो घडाको पूजा गर्नुले घरको सबै विपददायक तरंगहरु नष्ट भएर सुख शान्ति र समृद्धि आउने धार्मिक विश्वास रहेको छ ।

घटस्थापना गरिसकेपछि कलशको मध्यमा स्थापित नवदूर्गामध्येकी पहिली देवी शैलपुत्रीको पूजा गर्ने गरिन्छ । शैलपुत्री हिमालयकी पुत्री पार्वतीको अर्को नाम हो । वृषभ वाहन भएको कारणले नै यी देवीलाई वृषरुढा नामले समेत चिन्ने गरिएको छ । शैलपुत्री दूर्गाको पहिलो रुप भएकोले पनि नवरात्रमा उनको पहिलो दिन घटस्थापनलगत्तै पूजा गर्ने गरिन्छ ।

**घटस्थापनाको पूजा विधि**

घटस्थापनाको दिन झिसमिसे बिहानी मै आत्मशुद्धि पश्चात् नदी, खोला, बगर वा आफूलाई पायक पर्ने ठाउँमा गई चोखो बालुवा अथवा माटो ल्याई पूजाकोठामा विधिपूर्वक जमरा राख्ने गरिन्छ ।

वैदिक विधिद्वारा हुने पूजामा जौलाई अनिवार्य अन्नको रुपमा मान्ने गरिएको छ । जमरा राखिएको पात्रमा गहुँ तथा जौको अंकुरणसँगै घरमा सुख,

*(बाँकी अन्तिम पृष्ठमा)*

## थप १०४३मा कोरोना

**झापा, असोज २०।** नेपालमा पछिल्लो २४ घन्टामा आज एक हजार ४३ जनामा कोरोना सङ्क्रमण देखिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार १५ हजार ४६५ जनामा कोरोना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पाइएको हो । बुधवार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या १६ हजार १९४ पुगेको छ ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला आठ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला १९ रहेका छन् । ८९१ जना सङ्क्रमणमुक्त भएका छन् । नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ७२ हजार २२९ रहेको छ ।

नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.६ प्रतिशत रहेको छ । यस्तै सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १२ जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार १९२ जनाको निधन भइसकेको छ । आज ५९ हजार ३७६ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । यस्तै अहिलेसम्म ७९ लाख ६२ हजार ६४७ ले पहिलो मात्रा र ६४ लाख १९ हजार ४८० ले पूर्ण मात्राको खोप लगाएका छन् ।

# अदालतको अवहेलनाः अब के बोल्दा सजाय हुन्छ, के बोल्दा हुँदैन ?

**झापा, असोज २०।** अदालतको अवहेलना सम्बन्धी मुद्दामा सर्वोच्च अदालतको एउटा फैसलालाई अभिव्यक्ति स्वतन्त्रताको दिशामा 'महत्वपूर्ण कदम' भन्दै धेरैले प्रशंसा गरिरहेका छन् ।

कान्तिपुर दैनिक पत्रिका तथा डा. गोविन्द केसीविरुद्ध दायर मुद्दामा गत माघमा सुनाइएको फैसलाको पूर्णपाठ अदालतले सार्वजनिक गरेसँगै त्यसबारे निकै चर्चा भइरहेको छ । न्यायाधीशहरू आनन्दमोहन भट्टराई, हरिकृष्ण कार्की, मीरा खड्का, दीपकुमार कार्की, प्रकाशमान सिंह राउत, ईश्वर खतिवडा र विश्वम्भरप्रसाद श्रेष्ठ सम्मिलित बृहत् पूर्ण इजलासले अवहेलना सम्बन्धी मुद्दामा फैसला सुनाएको थियो । सो इजलासले न्याय सम्पादनमा अवरोध पुऱ्याउने र अदालतको आदेश वा फैसलाको अवज्ञा गर्ने कार्य मात्रै अवहेलना हुने स्पष्ट पारेको छ ।

**के छ फैसलाको पूर्ण पाठमा ?**

विद्यमान कानूनी सीमाभित्र रहेर अदालतको फैसलाबारे समाचार बनाउन वा टिप्पणी गर्न सञ्चार क्षेत्र स्वतन्त्र रहन्छ भन्ने कुरालाई मानव अधिकार कानूनमा स्वीकार गरिएको फैसलाको पूर्ण पाठमा उल्लेख छ । पत्रकारले जनताको वारिस/एजेन्टका रूपमा अधिकारको प्रयोग गर्दै जनताकै नजरले अदालती कारबाहीलाई हेर्ने गरिरहेको हुन्छ- पूर्ण पाठमा भनिएको छ ।

लोकतान्त्रिक मुलुकहरूमा सार्वजनिक संस्थाहरूमा के भइरहेको छ, अदालतको हकमा न्यायाधीश वा कर्मचारीले कसरी काम गरिरहेका छन्, न्याय सम्पादन कसरी भइरहेको छ भनी हेर्ने र जान्ने अधिकार जनतालाई हुन्छ । पत्रकारले समाचार र टिप्पणीमार्फत् सार्वजनिक संस्थाहरूको लोकतान्त्रिक उत्तरदायित्वको स्थितिलाई जनता समक्ष प्रस्तुत गर्ने र प्रकारान्तले लोकतन्त्रलाई सुदृढ बनाउने

*(बाँकी अन्तिम पृष्ठमा)*

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

**पायल्स तथा फिस्टुलाको सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा असोज २१ गते विहीबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)




'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा समस्त ग्राहक महानुभाव, कर्मचारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

(विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा एक वर्षको रिचार्ज कार्डमा तीन महिना फ्रि । साथै अब डिस होम फाइभर नेट पनि चाँडै आउँदैछ ।)

प्रो. दिलीप/प्रमिला गुरुङ

एवम् स्टार साउण्ड एण्ड टेन्ट हाउस परिवार

अर्जुनधारा नगरपालिका-८, शनिश्चरे बजार (झापा) (९८५२६७९७४४)

# अर्जुनधारामा क्लब स्तरीय नकआउट फुटबल

**अर्जुनधारा, असोज २०।** विजया दशमीको अवसरमा नव युवा क्लब अर्जुनधारा-४ र ७को आयोजनामा क्लब स्तरीय नकआउट फुटबल प्रतियोगिता शुरु भएको छ।

स्थानीय अर्जुनधारा खेल मैदानमा सञ्चालन हुने प्रतियोगिताको बुधबार एक कार्यक्रमकोबीच प्रमुख अतिथि नगर प्रमुख हरिकुमार रानाले उद्घाटन गरे। आगामी असोज २६ गते सम्पन्न हुने प्रतियोगिताका बिजेता र उपविजेता टिमले नगद पुरस्कार क्रमशः ३१ हजार र २१ हजारसहित प्रमाण-पत्र, शिल्ड र मेडल प्राप्त गर्ने क्लबका सल्लाहकार तुलसी श्रेष्ठले जानकारी दिए।



आठ टिमको सहभगिता रहने प्रतियोगिताका टिमहरुमा आयोजक नव युवा क्लबसँगै अर्जुनधारा फुटबल क्लब, जलथल फुटबल क्लब, दहीझोडा फुटबल क्लब, रेड स्टार फुटबल क्लब, शनिश्चरे फुटबल क्लब, साठीमुरे फुटबल क्लब र सैनिक फुटबल क्लब रहेका छन्।

कार्यक्रममा कार्यपालिका सदस्यद्वय नवराम ढुंगाना र बलदेवसिंह गोम्देन, नगर खेलकुद विकास समितिका संयोजक अर्जुन मेचे, नगर सभा सदस्य देवकुमार राई, रेफ्री संघ झापाका अध्यक्ष प्रदीपकुमार बस्नेत, नेपाल खेलकुद महासंघ झापाका अध्यक्ष भवानी बराल, क्लबका संस्थापक अध्यक्ष हिरामान साह, सल्लाहकार वेदप्रकाश घिमिरेलगायतको आतिथ्य रहेको थियो।

क्लबका अध्यक्ष देवेन्द्र मैनालीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा सल्लाहकार भोला परियारले स्वागत र सञ्चालन सल्लाहकार श्रेष्ठले गरेका थिए। यसैबीच सोही दिन सम्पन्न उद्घाटन खेलमा शनिश्चरे फुटबल क्लब विजयी भएको छ।

अर्जुनधारा फुटबल क्लबलाई ०-२ गोलले पराजित गर्दै शनिश्चरे प्रतियोगिताको सेमीफाइनलमा पुगेको हो। शनिश्चरेको जितको लागि खेलको १२औं र ४०औं मिनेटमा देवेन्द्र तामाङले दुवै गोल गरेका थिए।

उद्घाटन खेलको म्यान अफ द म्याच दुवै गोलकर्ता तामाङलाई कार्यपालिका सदस्यद्वय ढुंगाना र गोम्देनसँगै समाजसेवी केदारनाथ पराजुलीले संयुक्तरुपमा ट्रफी प्रदान गरेका थिए। आज विहीवारको खेल आयोजक नव युवा क्लब र साठीमुरे फुटबल क्लबबीच हुने निरज बस्नेतले जानकारी दिए।

# बलिउड फिल्म "उचाइ" को छायांकन नेपालमा

**काठमाडौं, असोज २०।** केही दिनअघि बलिउड फिल्म उचाइको सुटिङका लागि बलिउड कलाकारहरु अनुपम खेर, बोमन इरानी, परिणिती चोपडा, नीना गुप्ता, सारिका नेपाल आएका छन्।

अब यो फिल्मको लागि केही दिनमै बलिउड महानायक अमिताभ बच्चन र अर्का कलाकार डेनी डेन्जोङ्पा नेपाल आउँदैछन्। सुरज बड्जात्याको निर्देशनमा बन्न लागेको यो फिल्म मित्रताका विषयमा छ।

फिल्मको कथा अनुसार ४ जना पाका साथीहरु नेपालको हिमालय पर्वत श्रृंखलामा ट्रेकिङको लागि जान्छन्। यी ४ साथीहरुको भूमिकामा अमिताभ बच्चन, अनुपम खेर, बोमन इरानी र डेनी डेन्जोङ्पा छन्। यो फिल्मको सुटिङ समुद्र सतहबाट १३ हजार फिटको उचाइमा हुनेछ। फिल्ममा अभिनेत्री परिणिती चोपडा नेपाली गाइडको भूमिकामा छिन्। फिल्मको सुटिङ शुरु भइसकेको छ।

फिल्मको सुटिङको जिम्मेवारी सम्हालिरहेका सुरज आचार्यले फिल्म सम्बन्धी महत्वपूर्ण जानकारी दिए। उनका अनुसार फिल्मको सुटिङ ४ अक्टोबरदेखि शुरु भएको छ। नेपालमा पहिलो सेड्युल एक महिनाको छ। फिल्मको २ दिन काठमाडौंमा सुटिङ छ। एउटा महत्वपूर्ण दृश्य मंगलबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुटिङ भइसकेको छ। अब तीन दिनको लागि टिम सगरमाथाको द्वार भनिने लुक्ला जानेछ।

## अदालतको ...

कार्य गर्ने गरेको इजलासको निष्कर्ष छ।

पत्रकारहरूले अदालतका कामकारबाहीबारे समाचार र टिप्पणीहरू बनाएर जनतालाई उनीहरूले अदालतको उपयोग र प्रयोग कसरी आफ्नो हितमा गर्न सक्छन् र ती संस्थाहरूमा के कस्तो सुधार आवश्यक छ भन्नेबारे सुसूचित गर्छन्। यस्तो कार्यले अन्ततः न्यायमा जनताको पहुँच बढाउँछ।

अदालत सार्वजनिक संस्था भएको स्मरण गराउँदै इजलासले अदालतमा चलेका मुद्दामा मानिसका विचार हुन सक्ने र ती विचार विभिन्न किसिमले व्यक्त हुन सक्ने उल्लेख गरेको छ। न्यायाधीशहरूले कहिलेकाहीँ नमीठा प्रतिक्रिया र टिप्पणीहरू सुन्नु परिरहेको हुन्छ। ती सबैको पछि लागेर साध्य हुँदैन। त्यस्ता प्रतिक्रिया वा टिप्पणीले न्याय सम्पादनमा प्रतिकूल असर नपारेसम्म वा अदालतको अख्तियारीलाई प्रत्यक्ष रूपमा चुनौति नदिएसम्म उनीहरूले ती कुरालाई बेवास्ता गरेकै राम्रो हुने इजलासको सुझाव छ। खुला सुनुवाइ गर्ने अदालतले खुला सञ्चारलाई स्वीकार गर्नुपर्छ। अवहेलनाको अस्त्रलाई प्रयोग गरी न्यायलाई नै विकृत पारिनु हुँदैन- पूर्णपाठमा भनिएको छ।

कुन अवस्थामा अदालतको अवहेलना हुन सक्छ भन्नेबारे इजलासले फैसलामा स्पष्ट पारेको छ। 'तर कुनै प्रकाशन वा अभिव्यक्तिले न्यायको प्रवाहलाई अवरुद्ध गर्छ, अवाञ्छित लाञ्छना लगाएर न्यायिक कारबाहीमा भ्रम सिर्जना गर्न खोज्छ वा अदालत र यसमा संलग्न न्यायाधीश वा कर्मचारी, मुद्दाका पक्ष र कानून व्यवसायीलाई न्यायको मार्गबाट विचलित गर्ने मनसायका साथ काम गरेको छ, दूषित मनसायका साथ जनताको नजरमा न्यायपालिकाको प्रतिष्ठा गिराउने काम गरेको छ भने सो कुरा सह्य हुँदैन। त्यस्तो कार्य अवश्य पनि अवहेलनाको विषय बन्छ र त्यस्तो कामकारबाही रोक्ने र दोषी उपर सजाय गर्ने अधिकार अदालतले राख्छ।

**फैसला किन महत्वपूर्ण छ ?**

अवहेलनाको अधिकारलाई अनावश्यक रूपमा प्रयोग गर्न नहुने विषयमा फैसलाले प्रस्ट रूपमा उल्लेख गरेको संवैधानिक कानुनका ज्ञाता विपिन अधिकारी बताउँछन्।

एउटा संस्थाकै रूपमा यदि अदालतमाथि ठूलो मर्का छ भने अवहेलनाको रूपमा हेर्ने हो- उनले भने। होइन भने फैसलाबारे टिकाटिप्पणी गरेको आधारमा, गलत वा सही छ, यसमा ध्यान पुगेन, पुनरावलोकन गर्नुपर्छ भनेकै आधारमा अवहेलनामा कसैलाई जवाफदेही बनाउने अवस्था अब रहेन।

अवहेलनाको मुद्दालाई अदालतले 'बदलाको भावनाले प्रयोग गर्न सक्ने अवस्थालाई फैसलाले समाप्त गरेको देखिएको' अधिकारी बताउँछन्। बोलेकै कारणले वा आफ्नो कुरा भनेकै कारणले सबै कुरा नासिन्छ, मासिन्छ, सिद्धिन्छ, न्याय प्रदूषित हुन्छ भन्ने कुरो हिजो पनि गलत थियो, आज पनि गलत छ। यो नजीरले अहिले त्यसलाई आधार दिएको छ- उनले थपे।

सर्वोच्च अदालतको पूर्ण बृहत् इजलासको फैसला अवहेलनाको मुद्दामा दिशानिर्देश गरेको अभिव्यक्ति स्वतन्त्रताको क्षेत्रमा काम गर्दै आएका अभियानकर्मी तारानाथ दाहालको ठम्याइ छ। अदालतको अवहेलनासम्बन्धी ऐन नबनेसम्म यो व्याख्याले मानहानिका मुद्दालाई मार्गदर्शन गर्नेछ र यो व्याख्या निकै उदार खालको छ- उनले भने। आउँदा दिनमा अवहेलनासम्बन्धी मुद्दामा अरू तल्लो तहका अदालतलाई फैसला गर्नका निम्तो पछिल्लो फैसलाले नजीरको काम गर्ने दाहालको विश्वास छ। बीबीसी

## आजबाट ...

शान्ति, समृद्धि र स्वास्थ्य लाभ हुने शास्त्रीय मान्यता छ। आयुर्वेद शास्त्र अनुसार जौको जमरालाई महाऔषधि मानिएको छ।

यसरी जमरा राखिएको स्थान नजिकै पूर्णजलयुक्त घडा (कलश) को वरिपरि नौवटा देवीको स्वरूपको प्रतिमूर्ति स्थापना गर्ने गरिन्छ। जसमा नवरात्रभरि नै पूजाआजा गर्ने गरिन्छ। त्यसपछि पूर्ण जलयुक्त कलशमा पञ्चपल्लव चढाई अनन्त शक्तिस्वरूपा महाकाली (संहार), महालक्ष्मी (सुरक्षा) र महासरस्वती (सृष्टि)को पञ्चोपचारले पूजा-आजा गरिन्छ।

नौ दिनसम्म मनाउने नवरात्रमा कुन दिन, कुन रूपको पूजा गर्ने र कस्तो प्रसाद चढाउने अनि कुन कामनाको पूर्तिका लागि पूजा गर्ने भन्नेबारे मार्कण्डेय पुराणमा उल्लेख गरिएको छ। सावधानीपूर्वक विधि अनुरूप विभिन्न रूपको पूजा गरेमा विभिन्न मनोभिलाषा पूरा हुने बताइएको छ। यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम्। अर्थात् जुन-जुन कामनाले भगवतीको आराधना गरिन्छ ती सबै कामना सिद्ध हुने कुरा दुर्गासप्तशतीको देव्या कवचमा बताइएको छ।

दशैं आश्विन शुक्ल प्रतिपदादेखि दशमीका दिनसम्म मनाइन्छ। शैलपुत्री, ब्रम्हचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, शिद्धिदात्री गरेर नवदुर्गाको क्रमशः पूजा गर्ने गरिन्छ। विशेष गरेर महाकाली, महालक्ष्मी र महासरस्वतीको आराधना यस पर्वमा गरिन्छ।

पूजा गर्दा नौ दिनसम्म कुन-कुन दिन कसको र के-के सामग्री अर्पण गरी पूजा आराधना गर्ने भन्ने कुराको विशेष ख्याल राख्नुपर्दछ। वैदिक विधिपूर्वक दियो, कलश र गणेश स्थापना गरी नदी वा चोखो स्थलबाट बालुवा अथवा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजाकोठा अथवा दशैं घरमा विधिपूर्वक दीप, कलश स्थापना गरी षोडशोपचारले पूजा हुने गर्दछ। सोही कलशमा महाकाली, महालक्ष्मी, महासरस्वती दुर्गा भगवतीको षोडशोपचारले आव्हान पूजन हुने गर्दछ। यसरी पूजन पश्चात् सप्तधान्य छर्नु पर्दछ। भगवती दूर्गा देवीका विभिन्न उपासना मन्त्रले आव्हान पूजन गरी दुर्गा सप्तशतीको पाठ पारायण नित्य गर्नु पर्दछ।

**पहिलो दिन**

घटस्थापना नवरात्रको पहिलो दिन हो। यस दिन शैलपुत्री देवीको पूजा आराधना गरिन्छ। दशैं घर वा पूजा कोठामा मकै, गहुँ, जौं आदि अन्नको बीज छरेर घटस्थापना गरिन्छ। यसलाई सप्तधान्य पनि भनिन्छ। घटस्थापनाको उत्तम साइत बिहान ७ बजेर १५ मिनेटमा रहेको छ।

गाईको घ्यूबाट बनाइएका परिकार चढाएर शैलपुत्रीको पूजा आराधना गरेमा लामो आयु हुने, दीर्घ रोगबाट बच्न सकिने र आरोग्य प्राप्त हुने धर्म शास्त्रमा उल्लेख छ।

**दोस्रो दिन**

दोस्रो दिन ब्रह्मचारिणी देवीको पूजा गरिन्छ। कुनै पनि प्रकारको बन्धनबाट मुक्ति पाउनका लागि सख्खर चढाई ब्रम्हचारिणी माताको पूजा आराधना तथा दान गरेमा हरेक प्रकारको अनिष्ट नाश हुने बताइएको छ।

**तेस्रो दिन**

तेस्रो दिन चन्द्रघण्टाको पूजा आराधना गरिन्छ। दुःख कष्टबाट मुक्तिका लागि गाईको दूधबाट बनाइएका विभिन्न परिकारका प्रसाद भोग लगाउने तथा दान गरेर माता चन्द्रघण्टाको पूजा गरेमा माताको आशिर्वाद हामी माथि सधैंभरि रहन्छ।

**चौथो दिन**

चतुर्थी तिथिका दिन माता कुष्माण्डाको पूजा आराधना गरेमा ज्ञान र बुद्धि प्राप्त हुन्छ। साथै कुनै पनि प्रकारका वाणीमा दोष छ भने उक्त तिथिमा मालपुवा अर्पण गरी पूजा गरेमा र मालपूवा दान गरेमा शुभ हुनेछ।

**पाँचौ दिन**

पञ्चमी तिथिका दिन स्कन्धमाताको पूजा आराधना गरिन्छ। स्कन्धमाताको पूजा गरेमा व्यापार व्यवसायबाट सफलता तथा राज्यबाट पाउने सेवा तथा सुविधामा वृद्धिका साथै रोजगारीका लागि पनि राम्रो हुने छ। यस दिनमा केराको भोग लगाएर पूजा आराधना गरेमा सफलता मिल्ने बताइएको छ।

**छैठौं दिन**

आकर्षण सुन्दरताका साथै मनले चाहेको व्यक्ति प्राप्तिका लागि नवरात्रीको छैठौं दिन कात्यायनी माताको पूजा आराधना गर्नुपर्दछ। यदि घरमा कुनै अविवाहित व्यक्ति हुनुहुन्छ भने र विवाहमा बाधा अवरोध परेको छ भने मह चढाएर माता कात्यायनीको पूजा आराधना गरेमा कार्यसिद्धि हुने छ।

**सातौं दिन**

नवरात्रको सातौं दिन अर्थात् सप्तमीमा पूजा कोठा वा दशैं घर मा फूलपाती भित्र्याउने चलन छ। यस दिन कालरात्रि भगवतीको पूजा गरिन्छ। कुनै पनि प्रकारका मुद्दा मामिला तथा दुर्घटनाबाट छुटकारा पाउनका लागि सप्तमी तिथिका दिन कालरात्रि भगवतीको पूजाबाट सम्पूर्ण कष्ट नाश हुने छ। कुनै पनि प्रकारका आकस्मिक विपत्तिबाट रक्षाको लागि यदि सख्खर दान गरेमा बाधा अड्चन नआउने शास्त्रमा बताइएको छ।

सप्तमीको दिन तुलजा भवानीको यात्रा बिहान ९ बजेर २१ मिनेटमा र स्थिराशन बिहान १० बजेर २ मिनेटमा निर्धारण गरिएको छ।

**आठौं दिन**

महागौरी भगवतीको घटस्थापनाको आठौँ दिन पूजा तथा आराधना गर्नुपर्दछ। यस दिन महागौरीको पूजा आराधना गरेमा सन्तान सुख मिल्ने कुरा शास्त्रमा उल्लेख गरिएको छ। महागौरी भगवतीलाई नरिवल अर्पण गरेमा सम्पूर्ण सुख शान्ति प्राप्ति हुने कुरा पनि बताइएको छ।

**नवौं दिन**

घटस्थापनाको नवौं दिन अर्थात् नवमी तिथिका दिन सिद्धिदात्री भगवतीको पूजा आराधना गर्नुपर्दछ। घ्यू चढाएर सिद्धिदात्रीको पूजा आराधना गरेमा अकाल मृत्युबाट बच्ने र कुनै पनि प्रकारका नराम्रा समाचार सुन्न नपर्ने शास्त्रमा उल्लेख छ।

**दशैंको टीका कतिबेला लगाउने ?**

सप्तधान्य (जमरा) क्रमशः बढ्दै जति राम्रा हुन्छन् त्यति भगवती प्रशन्न हुनुहुन्छ भन्ने धार्मिक मान्यता रहेको छ। सप्तधान्य अंकुर दुर्गादेवीको प्रिय भएकाले सप्तधान्य रोपण गरी दूर्गा देवीलाई चढाएर विजयादशमीको दिन टीका प्रसादसँगै समृद्धिको प्रतीक पहेँलो जमरा ग्रहण गरिन्छ।

## गर्भवतीलाई ...

महिलाहरुलाई त यो कार्यक्रम बरदान नै सावित हुनेछ।

बाह्रदशी गाउँपालिका-१ ले विगत तीन वर्षदेखि गर्भवती महिलाहरुलाई भरणपोषण कार्यक्रम सञ्चालन गर्दै आएका छ। यो कार्यक्रममार्फत गर्भवती महिलाको स्वास्थ्य उपचारसहित पोषिलो खानेकुरा वितरण गरिँदै आएको बाह्रदशी गाउँपालिका-१का वडाध्यक्ष शम्भूसिंह राजवंशीले जानकारी दिए।

आमा र बच्चा दुवैलाई सुरक्षित राख्न वडा कार्यालयले यो कार्यक्रम सञ्चालन गर्दै आएको छ- वडाअध्यक्ष राजवंशीले भने - यो कार्यक्रम सञ्चालन गरेसंगै यस क्षेत्रका महिलाको चेतनाको स्तर वृद्धि भएको हामीले पाएका छौं। अहिले सबै महिला गाउँपालिकामा सञ्चालित स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराउन जाने गरेका छन्।

बाह्रदशी गाउँपालिकामा आर्थिक वर्ष २०७७/०७८ मा नौ सय ९६ जना महिला गर्भवती भएको तथ्याङ्क छ। जसमा नियमित अस्पताल गएर स्वास्थ्य जाँच गराउनेको संख्या ६ सय ४६ रहेको बाह्रदशी गाउँपालिका स्वास्थ्य शाखाकी सुस्मिता मैनालीले बताइन्। मैनालीका अनुसार गर्भवती महिलामध्ये गाउँपालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थामा ६४६ जना गर्भवती महिलाले पहिलो गर्भ जाँच गराए भने अन्तिम गर्भ जाँच २ सय ४६ जनाले गराएका छन्। गाउँपालिकाभित्र सञ्चालित दुई वटा वर्थिङ सेन्टरमा ९७ जनाले सुरक्षित सुत्केरी सेवा लिएका छन्।

गाउँपालिकाले गर्भवती महिलाको स्वास्थलाई ध्यान दिँदै अल्ट्रा साउण्डका लागि एक हजार ५ सय रुपैयाँ उपलब्ध गराउँदै आएको छ। यो सेवा लिनेको संख्या समेत गाउँपालिकामा ६४६ जना रहेको मैनालीले बताइन्। अस्पतालमा सुत्केरी हुने महिलाका लागि गाउँपालिकाले न्यानो झोला समेत दिँदै आएको बताइएको छ। न्यानो झोलामा नवजात शिशूका लागि दौरा, टोपी, सुत्केरी महिलाका लागि म्याक्सीसहितका सामग्री र पोषिलो खानेकुरा प्रदान गर्ने गरेको मैनालीले बताइन्।

वाह्रदशी गाउँपालिका-१ले सञ्चालन गरेको गर्भवती महिलाहरुलाई भरणपोषण कार्यक्रम प्रभावकारी भएको भन्दै गाउँपालिका उपाध्यक्ष रत्नाकुमारी राजवंशीले बाह्रदशीका कुनै पनि महिला आर्थिक अभावमा गर्भवती भएर स्वास्थ्य जाँच गराउन नसकी घरमै बस्नुपर्ने अवस्थाको अन्त्य भएको बताइन्। यहाँका महिलाको केही समय अघिसम्म घरबाट बाहिर निस्कन सक्ने अवस्था थिएन, अहिले निर्धक्क आफ्नो स्वास्थ्यको विषयमा बोल्न सक्ने भएका छन्- उपाध्यक्ष राजवंशीले भनिन् - अहिले गाउँपालिका सहित सबै वडाले महिला लक्षित कार्यक्रम सञ्चालन गर्दै आएका छन्, त्यसले ग्रामीण क्षेत्रका महिला पनि स्वास्थ्यप्रति सचेत छन्।

बाह्रदशी गाउँपालिकाले यो आर्थिक वर्षको शुरुसंगै महिला विशेष कार्यक्रम सञ्चालन गरेको बताउँदै उपाध्यक्ष राजवंशीले भनिन् - साउन महिना यता सुत्केरी भएका महिलाको घर-घरमा पोषिलो खानेकुरा लिएर म आफैं जाने गरेकी छु। यो कार्यक्रम निरन्तर चलिरहन्छ। आमा स्वस्थ रहेमात्रै शिशु सुरक्षित रहन्छ भन्दै उपाध्यक्ष राजवंशीले भनिन्- आमा र बच्चा दुवैको सुरक्षाका लागि गाउँपालिकाले अहिले विशेष कार्यक्रम सञ्चालन गर्दै आएको छ।

**गर्भवती महिलालाई थप पाँच हजार**

वाह्रदशी गाउँपालिकाले गर्भवती महिलाका लागि स्वास्थ्य जाँच गर्न यस अघि नै एक हजार पाँच सय रुपैया प्रदान गर्दै आएको थियो। अझ, गर्भवती महिलालाई प्रसूतिका लागि स्वास्थ्य संस्थासम्म लैजान थप ५ हजार रुपैयाँ प्रदान गर्न लागिएको बाह्रदशी गाउँपालिका-१का वडाध्यक्ष राजवंशीले बताए। उनले भने यो वर्षदेखि हामी गर्भवती महिलालाई थप पाँच हजार रुपैयाँ सहयोग गर्छौं, ताकि कोही पनि गर्भवती महिलाले घरमा नै बच्चा जन्माउनु नपरोस्।

## सहमति ...

सम्मेलनमा सहभागी नेताहरुले नेकपा एमालेका नेता सुवासचन्द्र नेम्वाङ र एकीकृत समाजवादी पार्टीका नेता झलनाथ खनालले कम्युनिष्टको नाममा जनतालाई गुमराहमा राखेको आरोप लगाए। नेपाल कम्युनिष्ट पार्टीले शान्तिपूर्ण रुपमा जनताका आवाजहरुलाई उठाउँदा सत्तामा रहेका नेताहरुले प्रतिबन्ध लगाउन खोजेको भन्दै उनले त्यसको प्रतिवाद जनताले गर्ने चेतावनी दिए। कार्यक्रमको सञ्चालन बिनोद मगरले गरेका थिए।

त्यस्तै जिल्लाको ११औं पूर्ण बैठकले जनतालाई साथमा लिएर भ्रष्टाचारीबिरुद्ध संघर्षमा उत्रने नेपाल कम्युनिष्ट पार्टीले निर्णय गरेको छ। सामाजिक अपराधबिरुद्ध संघर्ष गर्नुका साथै एमसीसीबिरुद्ध निरन्तर संघर्षका कार्यक्रम अगाडि बढाउने विप्लव माओवादीले निर्णय गरेको छ। मंसीर ८ गते काठमाडौंमा हुने जनसभालाई पूर्ण सफल बनाउन अहिलेबाट नै गाउँ-गाउँमा प्रशिक्षण तथा चेतनामूलक कार्यक्रमलाई अगाडि बढाउने निर्णय समेत गरेको इलाम इञ्चार्ज सिंहले जानकारी दिए।

## वेवसाइट ...

आलोचनात्मक बयान दिएकी दिइन्।

यता फेसबुकले भने हवगनले आफूलाई ज्ञान नभएको क्षेत्रबारे बोलेको प्रतिक्रिया दिँदै आफ्नो सुरक्षा गरेको छ। तर, उसले एक विज्ञप्तिमार्फत् अब इन्टरनेटमा परिष्कृत नियमहरू ल्याउने समय आएको स्वीकारेको छ। मङ्गलबारको सुनुवाइका बेला रिपब्लिकन र डेमोक्र्याट सांसद्हरू उक्त कम्पनीमा परिवर्तन आवश्यक रहेको भन्ने विषयमा एकै ठाउँमा देखिएका थिए।





**कर्मचारी आवश्यकता**

कम्पनी ड्राइभर-१ जना
सेल्स मेन: ४ जना
अनुभवीलाई प्राथमिकता

सम्पर्कः कञ्चनजंघा हस्पिटल इस्युमेन्ट प्रा.लि.
बिर्तामोड, महानन्दचौक
९८०१४२४०१८, ९८०१४२४०१४
kanchanjungahpq@gmail.com

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा**
**VARANNYA HEALTHCARE AT HOME**

तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !
के यो सम्भव छ ?
*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाई सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं।

उपलबध हुने सेवाहरू
- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

तपाईंहरुको सेवामा समर्पित
**वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.**
बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरुद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ। यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा।

*रिपोर्ट पोजेटिभ आए :*
होम आइसोलेसन प्याकेज अन्तर्गत :
- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा।

**Post-Covid Management**
कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा
- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

### आज घटस्थापना

**आज घटस्थापना । वर्षदिनको प्रतिक्षापछिको वैदिक सनातनी हिन्दू धर्मावलम्वीहरुको महान चाड वडादशैं आजका दिनदेखि घरको पूजा कोठामा प्रवेश गरेको छ । दुर्गा भवानीको आराधनापछि सत्य र न्याय स्थापित गरेको दिनको सम्झनामा मनाइने दशैंको पहिलो दिन आज घर–घरमा घटस्थापना गरेर मनाइन्छ । जौको जीवन जमरा हो जसलाई विशेष विधिले स्थापित गरिन्छ, त्यसैले दिनलाई जमरा राख्ने दिन पनि भनिन्छ । जमरा राख्दा धान, मकै, गहुँ समेत मिसाइन्छ । माटो, हावा, पानीद्वारा सुरक्षित जीवनमा वनस्पतिको पनि त्यत्तिकै भूमिका रहन्छ । यही दिन रोपेको बीऊ अंकुरण हुँदै बढ्दै दशमीका दिनदेखि पूर्णिमासम्म देवीको प्रसादका रुपमा लगाउने हाम्रो मौलिक तथा विशिष्ट संस्कृति विश्वमा अन्त कहीँ छैन ।**

**आजकै दिनबाट नवरात्र शुरु भएको छ । अब हरेक दिन देवालय, पीठ तथा मन्दिरहरु लगायत नेपालीका घर–घरमा दुर्गा सप्तशती पाठ गरिन्छ । दुर्गा भगवतीसँग शक्ति र न्यायका लागि प्रार्थना गरिन्छ । नवरात्रको पहिलो दिनबाट शुरु भएको यो प्रक्रिया दशमीका दिन विसर्जन गरी मान्यजनबाट टीका र प्रसादका रुपमा जमरा ग्रहण गरिन्छ । टीका जमरा ग्रहण गर्नेहरुको मुहारमा दशैंको विशिष्टतामा रौनक थपिन्छ । टीका जमरा ग्रहण गर्नेहरुको मुहारमा दशैंको विशिष्टताको चित्र पनि देखिन्छ । नेपाल नब्बे प्रतिशतभन्दा बढी ॐकार परिवारको बसोबास भएको भूमि हो । त्यहीकारण नेपाली प्रकृति, परम्परागत संस्कृति र मौलिक पहिचानमा रमाउन चाहन्छन् । यस्ता चाडपर्वहरुले नेपालीकाबीच सद्भाव, प्रेम, सहिष्णुता र सहृदयता सिकाउँछन, त्यस्ता चाडमध्येको ठूलो भएकाले दशैं विशेष महत्वको हुने गरेको छ ।**

**हाम्रो भूगोल सानो छ, तर विविधतापूर्ण छ । हामी थोरै छौं तर विविधतायुक्त छौं । जो जहाँ र जस्तो भए पनि आ–आफ्नो संस्कृतिमा रमाएका छौं, एकअर्काको अस्तित्व स्वीकार गरेर बसेका छौं । हिन्दूत्वको सबैभन्दा ठूलो र महत्वको विशेषता यही हो कि नेपालका बीच सहृदयता, सद्भावना, हार्दिकता र सहिष्णुता छ । यही संस्कृतिभित्र अनेक चाडपर्वहरु बेग्लाबेग्लै ढंग र परम्पराले मनाइन्छ । त्यसमध्येको सर्वाधिक ठूलो र महत्वको चाड दशैं पितृहरुप्रति सम्मान प्रकट गर्दै र पितृहरुको अनुमति लिएर घरमै प्रवेश गरेको अवसरले सबैमा उत्साह जगाओस् ।**

**दशैं कसैको निम्ति दशा नबनोस् । दहीच्यूरा खाने पर्व पनि मानिने दशैंमा हिजोआज ढिकीको आवाज सुनिन छाडेको छ। ग्रामीण क्षेत्र पनि शहरीया संस्कृतिबाट अतिक्रमित भइरहेको छ । परम्परागत मूल्य र मान्यताको विचलन गर्न सरकार नै लागीपरेको यो समय हिन्दू अनुयायीहरुले गम्भीर बन्नुपर्ने भएको छ । धर्म निरपेक्ष घोषणा गरेसँगै मौलिक संस्कृति माथि प्रहार हुन थालेको छ । हिन्दूत्वमाथि भइरहेको आक्रमणप्रति सचेत रहँदै मौलिक परम्परा, आस्था, श्रद्धा र संस्कारका माध्यमबाट सबैको कल्याणतर्फ अग्रसर हुन सद्बुद्धि प्राप्त होस् । सबैको मुहारमा जमराको स्पर्शले कान्ति ल्याओस्, मौलिक संस्कार र पम्पराको आधारभूमि अक्षुण्ण रहोस् । सबैको जय होस्, शुभ होस् । घटस्थापनाको शुभकामना ।**

# कोरोना कहर- शिक्षामा भद्रगोल, जिम्मेवारको ?



**दिनेश अर्याल**

कोरोना संक्रमण तथा जोखिम न्यूनीकरण गर्न गरिएको लकडाउनका कारण शैक्षिक संस्थाहरु बन्द गर्न लागिएको झन्डै डेढ वर्षभन्दा बढी हुन लागेको छ।

स्कुल तथा कलेजका विद्यार्थीहरु भौतिक रुपमा उपस्थित भएर अध्ययन गर्न नपाएको धेरै समय भइसकेको छ। यसले विद्यार्थीहरुको सिकाइलाइ ध्वस्त परिसकेको छ भने अझै कति पार्न बाँकी छ।

**छैन प्रभावकारिता**

पढाउनका लागि अनलाइन माध्यम त छ तर गहिरिएर बुझ्ने हो भने भौतिक कक्षाको तुलनामा यो २० प्रतिशत पनि प्रभावकारी छैन। शिक्षकले रेगुलर पढाएर मात्र विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि हुने होइन। प्रत्यक्ष निगरानीभन्दा अन्य माध्यमबाट अध्ययन गराउँदा २० प्रतिशत पनि प्रभावकारी छैन।

भौतिक उपस्थितिमा पढाई हुन असम्भव भएपछि पछिल्लो समय गुगल मिट, जूम अनि अन्य भिडियो कन्फरेन्स प्लाटफर्मबाट ‘अनलाइन क्लास’ सन्चालन हुँदै आएको छ।

शैक्षिक संस्थामा गएर भौतिक उपस्थितिमा अध्ययन गर्न नपाएका सम्पूर्ण विद्यार्थीहरुको बौद्धिकता थुनिएको बेलामा अनलाइन क्लासलाई अघि सार्नु भनेको एकदमै सकारात्मक कुरा हो। अनलाइन कक्षाको विरोध गर्नु प्रविधिको उपहास गर्नु जस्तै हो तर अनलाइन क्लासको उपयोग कसरी भइराखेको छ ? यो महत्वपूर्ण कुरा हो।

**प्रविधिको पहुँच छ ?**

सूचना प्रविधिमा नेपालको अवस्था विश्वमा नै तल्लो स्तरमा छ। नेपालको कतिपय ठाउँमा अझै विजुली नपुगेको अवस्थामा त्यहाँको बिद्यार्थीको हातमा अनलाइन क्लासको पहुँच कसरी र कति पुग्ला ? यो सहजै अनुमान गर्ने विषय हो।

निजी स्कूलमा जसोतसो व्यवस्थापन भइराखेकै छ। तर सरकारी स्कूलको हालत



देख्यो भने नाजुक छ। कतिपय विद्यार्थीहरुले पढ्न छाडिसके। कतिपयले छाड्ने क्रममा छन्। पढाइमा हलचल आउने बित्तिकै भविष्य बिग्रने निश्चित छ। यसको जिम्मेवारी कसले लिने हो ?

भौतिक उपस्थितिको तुलनामा अनलाइन क्लासको प्रभावकारिता २० प्रतिशत पनि छैन भनेर माथि उल्लेख गरिसकिएको छ। निजी विद्यालयमा अध्यापन गराउनेले पनि हेरौं, के हाम्रा बिद्यार्थीहरुले राम्रोसँग क्लास जोडिएका छन् ? के निरन्तर रुपमा कक्षामा सहभागी छन्। के गृहकार्य राम्रोसँग गरेका छन्। भौतिक उपस्थितिको पढाइ भन्दा भर्चुअल कक्षा कति कम प्रभावकारी छ, यसको असर अरुलाई पर्दैन। सोझै विद्यार्थीहरुलाई मात्र हो। भविष्य बिग्रने निश्चित छ।

**जिम्मेवार को हो ?**

शिक्षामा भद्रगोल छ। तर सरकारी स्कुलका शिक्षकहरुलाई आनन्द छ। तलब रोकिएको छैन। विद्यार्थीहरुको मतलब पनि छैन। यसको उदाहरण कुनै पनि सरकारी स्कूललाई हेर्यो भने देख्न सकिन्छ।

> अनलाइन क्लासलाई सहज बनाउने उद्देश्यले कतिपय स्थानीय तहहरुले फ्री इन्टरनेट उपलब्ध गराउने भनेर घोषणा गरेका छन्। तर उनीहरुको त्यो कुरा गफमा मात्रै सीमित छ।

शिक्षाको बारेमा न सरकारले राम्रो नीति ल्याउन सकेको छ। केपी ओली प्रधानमन्त्री हुँदा पनि शिक्षाका विषयमा केही गरेनन्। अहिले देउवा सरकारमा रहँदा पनि केही गर्न सकिराखेका छैनन्। सरकारलाई हाइसञ्चो छ।

अझ पहिलाको एसएलसी अर्थात अहिलेको एसईईमा स्कुलबाट नै शिक्षकहरुले अंक दिएर पठाउनु भनेको सोझै विद्यार्थीको भविष्य बिगार्नु जस्तै हो। यो व्यवस्थाबाट जान्ने विद्यार्थीहरुलाई मर्का परेको छ भने नजान्ने नपढ्ने विद्यार्थीहरुलाई हाइसन्चो भएको छ। यसले नेपालको शिक्षा प्रणालीलाई यसरी ध्वस्त पार्दैछ की यो पुरानै अवस्थामा फर्किन दशकौं लाग्न पनि सक्छ।

अनलाइन क्लासलाई सहज बनाउने उद्देश्यले कतिपय स्थानीय तहहरुले फ्री इन्टरनेट उपलब्ध गराउने भनेर घोषणा गरेका छन्। तर उनीहरुको त्यो कुरा गफमा मात्रै सीमित छ। सरकारले पनि अनलाइन कक्षालाई प्रभावकारी गराउने भनेर निश्चित बजेट छुट्याएको छ तर त्यसलाई कार्यान्वयन गर्न सकेका छैनन्। यस्तो संवेदनशील विषयमा मुख्य सरकारले नै हात धुन लागेपछि यस्तो विषयमा जिम्मेवार को हो भनेर प्रश्न उठ्छ।

अहिलेको चिन्ता समयको होइन। प्रणालीको हो, नेपालको शिक्षा प्रणाली यसरी नै ध्वस्त हुँदै जाने हो भने नेपालको भविष्य अन्धकारमा फँस्ने निश्चित छ। माध्यमिक मात्र होइन उच्च माध्यमिक, स्नातक स्नातकोत्तर तहको पढाई खस्कदैं गएको छ। परीक्षा रद्द गर्ने माग लिएर विद्यार्थीहरु विश्वविद्यालय घेराउ गरेका छन्। कति कुरूप छ अवस्था !

यो सबै हुनुको पछाडी सरकार जिम्मेवार छ। सरकारले पछिल्लो समय सरकारी स्कुलका शिक्षकहरुलाई तलब खातामा हाल्ने बाहेक शिक्षामा केही पनि सुधार गरेको छैन। समस्या प्रणालीमा छ। (सुत्रन्यूज)

## जमराको महत्व

हिन्दूहरूको सबैभन्दा महत्वपूर्ण पर्व बडा दशैं आजबाट शुरु भएको छ। आज विशेष गरी जमरा राख्ने दिन पनि हो। दशैंमा राखिने जमराको आफ्नै धार्मिक महत्व छ।

दशैंमा मान्यजनबाट टीका ग्रहण गर्दा टीकासँगै कानमा लगाइने धान, गहूँ, मकै र जौका लामा आँकुरालाई नै जमरा भनिन्छ। विजयादशमी र जमरा नेपाली संस्कृति एवम् परम्पराका परिपूरक शब्द हुन्।

घटस्थापनाको दिन जौ छरेर बिजयादशमीको दिन देवीको प्रसादको रूपमा जमरा लगाउने परम्परा हिन्दू धर्मावलम्बी नेपालीको मात्र हो। दशैंमा बाहेक अन्य समयमा पनि पूजा-आजा हुन्छ तर जमरा राखिँदैन। बडादशैंको पहिलो दिन दशैंघरमा घटस्थापना गरी त्यस घटमा गोवरले रेखा बनाई जौ रोपण गरिन्छ। यसैगरी नदीबाट ल्याइएको बालुवाको वेदी बनाई त्यसमा पनि जौ छरिन्छ। विभिन्न जातजातिमा धान, गहुँ मकैजस्ता अन्न पनि जौमा मिसाएर छर्ने चलन छ। जौ रोपिएको घडामा विभिन्न देवीदेवताको आव्हान गरी घडामाथि थालीमा भगवती दुर्गाको प्रतिमा राखिन्छ। नवरात्रभरि भगवती दुर्गाका नौ स्वरूपको पूजा यस घडामा अवस्थित थालीमा गरिन्छ। यसरी उम्रेको जमरा विजयादशमीको दिन आफ्नो कुलदेवताहरूलाई अर्पण गरी प्रसाद स्वरूप पूर्णिमाको दिनसम्म लगाउने गरिन्छ।



जौलाई संस्कृतमा यव भनिन्छ। यो खाद्य पदार्थको दृष्टिले पौष्टिक पदार्थ हो भने जौलाई स्वास्थ्यको दृष्टिले पनि औषधिको रूप मानिन्छ। वैदिक ग्रन्थमा जौलाई रोग दूर गर्ने, यज्ञयज्ञादिमा उपयोगी, बल र प्राणलाई पुष्ट पार्ने ओजको सम्पादक वस्तुको रूपमा लिइएको छ। यसैकारण हुनसक्छ यज्ञयज्ञादिमा जौको प्रयोग प्रशस्त मात्रामा गरिएको पाइन्छ। पौराणिक ग्रन्थमा जौलाई अन्नको राजा मानिएको छ। पुराणमा भगवान् श्रीकृष्णले पनि औषधिहरूमा म जौ हुँ भनेर भन्नुभएको हुनाले पनि यसको धार्मिक महत्व कत्तिको रहेछ भन्ने कुरा स्पष्ट हुन्छ। वैज्ञानिक दृष्टिले हेर्ने हो भने पनि जौको महत्व धेरै छ। आयुर्वेदिक ग्रन्थमा जौ र जौको अङ्कुरबाट गर्न सकिने उपचारको उल्लेख भएको पाइन्छ।

**कसरी उमार्ने दशैंको जमरा ?**

१. जमरा उमार्न सर्वप्रथम जौ, गहुँ, धान र मकैको वीऊ प्रयोग गर्नुपर्छ ।
२. दशैंको जमरा उमार्न शुद्ध तथा अध्याँरो ठाउँ छान्नुहोस्।
३. सर्वप्रथम जौ, मकै, धान र गहुँको वीऊलाई एक भाँडामा आठ देखि दश घण्टासम्म पानीमा भिजाएर राख्नुहोस्।
४. अब एक दुना र अर्को टपरीमा माटो राख्नुहोस् र भरिने गरि भिजाएर राखिएका वीऊपहरू राख्नुहोस् र हल्का माटोले ढाकिदिनुहोस्। साथै राखिएको जमरामा हरेक दिन पानी हाल्न भने भुल्नु हुँदैन। साथै घामको सोझो सम्पर्कमा पनि राख्नु हुँदैन। टपरी छैन भने गमलाको पनि प्रयोग गर्न सकिन्छ।
५. अब दुना र टपरीमा पानीले माटो भिज्नेगरी राखेर अँध्यारो र ओशिलो स्थानमा लगेर राख्नुहोस्।
६. फूलपातीको दिनसम्ममा तपाईंले रोपेको वीऊहरू अंकुराई सकेको हुन्छ।
७. अष्टमीका दिन दुनामा अंकुराएको जमराको प्रयोग गर्ने चलन छ। दशैंको दिन खसी र राँगा काट्दा उक्त दुनाको जमरा प्रयोग गरेर पूजा गर्ने चलन पनि छ।
८. टपरीमा अंकुराएका जमराहरू अष्टमी र नवमीको दिनसम्ममा पहेंलो भएर निकै आकर्षक देखिन्छन्, जसलाई टीकाको दिन प्रसादको रुपमा प्रयोग गरिन्छ र पूर्णिमाको दिनसम्म पनि उक्त जमराको प्रयोग टीका थाप्न आउनेहरूलाई लगाएर गरिन्छ।

## महेन्द्र–रत्नमा राई

**कमल, असोज २०।** कमल गाउँपालिका-२ समयगढस्थित महेन्द्र-रत्न माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा पवन राई चयन भएका छन्।

समितिको सदस्यहरुमा खेमराज श्रेष्ठ, डिल्लीबहादुर भण्डारी, दीपाकुमारी पौडेल र धनमाया अधिकारी चयन भएका छन्। अन्य सदस्यहरुमा सम्झना विक (मनोनित), चन्द्रप्रसाद सिटौला (शिक्षक प्रतिनिधि) चन्द्रप्रसाद सिटौला (शिक्षक प्रतिनिधि), तारानाथ न्यौपाने (वडाध्यक्ष, पदेन सदस्य) बालकृष्ण संग्रौला ( प्रधनानाध्यापक, सचिव) रहेको समिति





गठन भएको शिक्षक बिजयकुमार अधिकारीले जानकारी दिए।

असोज १८ गते सम्पन्न मतदानमा खेमराज श्रेष्ठ १३८, डिल्लीबहादुर भण्डारी १३७, दीपाकुमारी पौडेल १३४, धनमाया अधिकारी, १३१ प्राप्तगरी निर्वाचित भएका थिए।

विद्यालय व्यवस्थापन समितिको पहिलो बैठकले समितिमा पवन राई र सम्झना विकलाई सर्वसम्मत रूपमा मनोनयन गरेसँगै दोस्रो बैठकले पवन राईलाई अध्यक्ष पदमा चयन गरेको हो।

## हातेमालोको ८औं सभा



**दुहागढी, असोज १९।** हातेमालो सामुदायिक वन उपभोक्ता समूह दुहागढीको आठौं साधारणसभा सम्पन्न भएको छ।

सभामा अध्यक्ष चन्द्रप्रसाद सिग्देलले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष पुष्पादेवी बोखिमले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। आन्तरिक लेखा समितिका सदस्य जीवन प्रसाईंले आन्तरिक लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा कोभिड संक्रमण भई मृत्यु भएका संस्थाका अध्यक्ष प्रेमप्रसाद पौडेललाई मरणोपरान्त सम्मान गरिएको थियो।

त्यसैगरी संस्थाका सल्लाहकारसहित १२ जनाभन्दा बढी व्यक्तिहरुलाई कार्यक्रममा सम्मान गरिएको थियो। सम्मानित हुनेहरुमा राजन राई, कृष्णराज सिग्देल, विदुरप्रसाद शिवाकोटी, पुष्पराज कार्की, पर्शुरामसिंह राजवंशी, दिलबहादुर कालीकोटे, रामप्रसाद राई, कृष्णकुमारी सुवेदी, शंकर पोखेल र बद्री महत रहेका छन्।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्य र विशिष्ठ अतिथि उपप्रमुख मिना उप्रेतीले संयुक्त रुपमा सम्मान-पत्रबाट सम्मान गरेका थिए।

सभाले वन समूहमा केही समयदेखि समूह क र ख का उपभोक्ताहरुबीच देखिएको विवाद समाधानका लागि प्राकृतिक स्रोत तथा द्वन्द्व रुपान्तरण केन्द्र नेपालको पहलमा तयार पारिएको ९ बुँदे सहमतिलाई विधानमा उल्लेख गर्न ५ सदस्यीय विधान मस्यौदा समिति चयन गरेको छ।

कार्यक्रममा द्वन्द्व रुपान्तरण केन्द्रका सहजकर्ता छत्र पौडेल, माकुरा समूहका शरद शिवाकोटी, पूर्व अध्यक्ष विदुर शिवाकोटी, मेचीनगर-१३का वडाअध्यक्ष कृष्णराज सिग्देल, डिभिजन वन कार्यालय झापाका युवराज मास्के, राजनीतिक दलका प्रतिनिधिहरु खगेन्द्र सिग्देल, दुर्गा धमला, प्रमुख अतिथि आचार्य, विशिष्ठ अतिथि उप्रेती लगायतले मन्तव्य राखेका थिए। संस्थाका अध्यक्ष चन्द्रप्रसाद सिग्देलको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन आन्तरिक लेखा समितिका संयोजक मोहन अधिकारीले गरेका थिए।

# छ घण्टे ‘सेवा अवरोध’का लागि जकुरवर्गले मागे माफी

**झापा, असोज २०।** फेसबुकका संस्थापक मार्क जकरबर्गले उनको कम्पनीले उपलब्ध गराउने सामाजिक सञ्जालका सेवाहरू ‘अवरूद्ध’ भएकोमा क्षमा मागेका छन्।

फेसबुकका सेवाहरू छ घण्टासम्म नचल्दा संसारभरि ३.५ अर्ब मानिसहरू प्रभावित भएका थिए। सोमवार आन्तरिक प्राविधिक समस्याका कारण फेसबुक, मेसेन्जर ह्वाट्सएप र इन्स्टाग्राम नचलेपछि अर्बपति व्यवसायी जकरबर्गले माफी मागेका हुन्।

छ घण्टापछि ती सेवाहरू पुनः सञ्चालनमा आएका थिए। यो घटनापछि सामाजिक सञ्जालको उक्त विशाल कम्पनीको पहुँच र प्रभावका बारेमा निगरानीका कदमहरू तीव्र हुन सक्ने बताइएको छ। साथीभाइ र आफन्तसँग सम्पर्कमा रहन फेसबुकका सेवाहरूको प्रयोग गर्नेहरूदेखि लिएर सामाजिक सञ्जाल प्रयोग गरेर ग्राहक र सेवाग्राहीहरूसँग कारोबार गर्ने व्यवसायहरूमाथि उक्त घटनाले आर्थिक मार समेत पारेको छ।

केही समय फेसबुकको शेयरको भाउ घट्दा जुकरबर्ग स्वयम्लाई पनि झण्डै छ अर्ब डलरको नोक्सान पुगेको एउटा वेबसाइट फर्चुनको सफ्टवेयरले देखाएको बताइएको छ। फेसबुकले के प्राविधिक समस्या भएको हो भनेर गहिराइमा गएर बुझ्ने प्रयास गरिरहेको बताएको छ।

**फेसबुक किन बन्द भयो ?**

सरल तरिकाले भन्ने हो भने फेसबुकको प्रणाली र इन्टरनेटबीचको सम्पर्क टुट्न पुगेको हो। वेब संरचनासम्बन्धी कम्पनी क्लाउडफ्लेअरका अनुसार कसैले एकै पटक फेसबुकका सबै डेटा सेन्टरबाट तार थुतेर इन्टरनेटसँगको सम्बन्धविच्छेद गराइदिएको जस्तै भएको हो।

फेसबुकले दिएको स्पष्टीकरण भने अलि प्राविधिक खालको छ। उसका अनुसार ‘डेटा सेन्टरहरूका बीचको नेटवर्क ट्राफिक संयोजन गर्ने मुख्य राउटरहरूमा भएका परिवर्तनहरूका कारण सञ्चार सम्पर्कलाई अवरुद्ध पार्ने समस्या उत्पन्न हुन गएको थियो।’

**फेसबुक चलाउन किन नमिलेको त ?**

इन्टरनेट भनेको लाखौं लाख नेटवर्कहरूको सामूहिक संरचना हो। फेसबुकजस्ता ठूला कम्पनीहरूको आफ्नै ठूला नेटवर्कहरू हुन्छन्



जस्लाई अटोनोमस सिस्टम्स भनिन्छ।

कसैले फेसबुक (वा इन्स्टाग्राम वा ह्वाट्सएप) प्रयोग गर्न चाहेमा ब्याकएन्ड भनिने प्रणालीले कम्प्युटरहरूलाई इन्टरनेटमा हुलाक सेवाको जस्तै काम गर्ने बोर्डर गेटवे प्रोटोकल बीजीपीको प्रयोग गरेर आफ्ना नेटवर्कहरूमा जोडिन सघाउँछन्। मानिसहरूलाई तिनले चाहेको वेबसाइटमा जोड्न बीजीपीले त्यसका लागि डेटाले यात्रा गर्न सक्ने उपलब्ध सबै बाटोहरू पहिल्याएर सबैभन्दा उत्तमलाई चयन गर्ने गर्छ।

सोमवार फेसबुकले त्यस्तो प्रणालीलाई सक्रिय रहनका लागि चाहिने जानकारी उपलब्ध गराउने प्रक्रिया एकाएक बन्द हुन पुगेको थियो। जसको अर्थ कसैको पनि कम्प्युटरसँग फेसबुक र उसका अन्य वेबसाइटहरूसँग जोडिने कुनै पनि बाटो उपलब्ध थिएन।

**कस्तो प्रभाव पर्‍यो ?**

त्यस्तो महत्त्वपूर्ण इन्टरनेटमा आधारित सेवा प्रदायकमा खराबी देखिँदा त्यसको प्रत्यक्ष-परोक्ष प्रभाव संसारभरिका व्यक्ति र व्यवसायमा पर्ने नै हुन्छ। इन्टरनेट सेवामा देखिने अवरोधहरूको निगरानी गर्ने डाउनडिटेक्टरका अनुसार फेसबुक सञ्चालन हुन नसकेको अवधिमा एक करोड छ हजार समस्याहरू देखिएका थिए।

केहीका लागि फेसबुक चलाउन नपाउनु त्यति ठूलो समस्या होइन। तर विकासशील देशमा फेसबुक बाहेक आफ्ना ग्राहकसँग सम्पर्क गर्ने उपाय नभएका साना व्यवसायहरूका निम्ति भने यो निकै ठूलो समस्या हो।

फेसबुक स्वयममा पनि उक्त घटनाले यसको आम्दानी र स्टकको मूल्यलाई असर गरेर प्रभाव पारेको छ। फेसबुक नचल्नु भनेको यसमा देखिने विज्ञापनहरू पनि छ घण्टासम्म नचल्नु हो। फेसबुकको शेअरको मूल्य घट्दा संस्थापक जकरबर्गको व्यक्तिगत धनमा पनि नोक्सान पुगेको अनुमान गरिएको छ। केहीले उक्त कम्पनीलाई छ करोड डलर जति नोक्सान भएको हुनु पर्ने ठानेका छन्। वीवीसी

## एक जनाको लडेर मृत्यु

**पाँचथर, असोज २०।** फाल्गुनन्द गाउँपालिका-४ निवासी एक व्यक्तिको लडेर मृत्यु भएको छ।

साविक चिलिङ्देन -८, हात्ती लेङ्बा घर भएका खरायो भनेर चिनिने ५३ वर्षीय चतुरमान नेम्बाङको लडेर मृत्यु भएको हो। स्थानीय संसेरे खोल्सीको भिरबाट लडेर उनको मृत्यु भएको चिलिङ्देन प्रहरी चौकीका इन्चार्ज प्रहरी नायब निरीक्षक दीपेन्द्र श्रेष्ठले जानकारी दिए।

आफ्नो खेतीबाट फर्कने क्रममा साँझसम्म घरमा आइ नपुगेपछि घरका सदस्यले खोज्दै जाँदा मृत अवस्थामा फेला पारेको र तत्काल प्रहरीलाई खबर गरेका थिए।


### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।



सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

### हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

आधुनिक भ्याकुम सिस्टम भएको प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्याक्टीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।



सम्पर्कः
९८०८००५२०६/९८७३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

### सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२,
९८५२६४१७४०,९८२४९८२२९६

### अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

### ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

### हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)




**'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'**

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैहसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**प्रभा नेपाल** सचिव — **युवराज लोहार** अध्यक्ष

एवम् **हचुमासा सामुदायिक वन उपभोक्ता समूह परिवार**
अर्जुनधारा नगरपालिका-१, झापा




**'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'**

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैहसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**तारादेवी आचार्य** सचिव — **चक्रबहादुर तामाङ** अध्यक्ष

एवम् **हलुवागढ सामुदायिक वन उपभोक्ता समूह परिवार**
अर्जुनधारा नगरपालिका-१, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

### झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




**'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'**

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**भवानीदेवी चापागाँई** सचिव — **तुलसीप्रसाद खतिवडा** अध्यक्ष

एवम् **शान्ति सामुदायिक वन उपभोक्ता समूह परिवार**
अर्जुनधारा नगरपालिका-२, झापा


### बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं. प्रदेश नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- कोरोना भाइरस (कोभिड-१९) महामारीको संक्रमण कायमै रहेको हुँदा आउँदै गरेको हिन्दूहरुको महान चाड वडादशैंमा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहेका मठ, मन्दिर तथा शक्तिपीठहरुमा हुने धार्मिक तथा सांस्कृतिक पूजा, अर्चना, भेलामा हुने सहभागितालाई कम गर्न र गर्नैपर्ने पूजा विधि न्यूनतम् भक्तजनहरुको उपस्थितिमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गरेर मात्र गर्नुहुन हार्दिक अनुरोध छ।
- नेपाल सरकारद्वारा तोकिएको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्दै बजारमा हुन सक्ने भीडभाडलाई कम गरी किनमेल र व्यापार व्यवसाय सञ्चालन गर्नुहुन सबै व्यवसायी/व्यापारी तथा नागरिकलाई अनुरोध छ।
- विजयादशमीको अवसरमा टीका लगाउने, आशिर्वाद लिने धार्मिक एवम् सांस्कृतिक प्रचलनलाई एकाघरभित्र सीमित राख्ने। टीका ग्रहण गर्दा ज्येष्ठ नागरिक, बिरामी र बालबालिकाहरुलाई विशेष महत्व दिई अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड कायम गर्नुहुन अनुरोध छ।

**गणेशप्रसाद दाहालः प्रमुख प्रशासकीय अधिकृत**


## उपकार
[redacted] ब्राण्ड [redacted]
[redacted] ब हर घरको शा [redacted]
[redacted] स्वस्थ्य र स्वादि [redacted]
[redacted] रिकारको लागि [redacted]
उपकार ब्राण्ड
नै रोजनुहोस्।
[redacted] नटराज एग्रो प्रा. लि. दमक [redacted]
[redacted] शाखा कार्यलिय बिर्तामोड, पथरी, इलाम [redacted]
[redacted] ८६२२७४४०५, ९८२०७१६१३०, ९८२ [redacted]




**'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'**

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैहसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**उपेन्द्र बस्नेत** सचिव — **वीरबहादुर राई** अध्यक्ष

एवम् **खुदुनावारी-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार**
अर्जुनधारा नगरपालिका-१, सिस्ने, झापा




**'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'**

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, शिक्षक, कर्मचारी, सरकारी तथा गैहसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**राजेशकुमार आचार्य** सचिव — **रुद्रप्रसाद सिटौला** अध्यक्ष

एवम् **निजी तथा आवासीय विद्यालय संगठन प्याब्सन नगर समिति परिवार**
अर्जुनधारा नगरपालिका, झापा

नेपालीहरुको लागि भरपर्दो सेवा

### निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

### निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त-**
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु,** [redacted] **ो, अ) -** राम्रो कर्म [redacted] रहनेछ। सामाजिक नेतृत्व ह [redacted] व्यापारमा पनि राम्रै फाइदा उ [redacted]

**बृष (इ,** [redacted] **ो) -** प्रतिष्ठित [redacted] मल्ने [redacted] जीवनशै [redacted]

**मिथुन (** [redacted] **, को,** [redacted] विशिष्ट [redacted] महत्वा [redacted] पुऱ्याउन [redacted] ला।

**कर्कट (हि, हु, हे, हो, डा, डि,** [redacted] अवसरसँगै चुनौति समेत देखा प [redacted] ाको नाममा आफ्ना कमजोरीको फाइदा उठाउ [redacted] ला पर्नेछन्।

**सिंह (** [redacted] **मु, मे, मो, टा,** [redacted] कामा जुट्नु हो [redacted] कहरूले भने [redacted] जुटाउने छन्। सा [redacted] जिम्मेवारी [redacted]

[redacted] **, पि, पु, ष, ण,** [redacted] पहिचान गर्न स [redacted] भाव जागृत [redacted] र्मकर्ममा प्रवृत्त भ [redacted]

**तुला (र, रि, रू, रे, रो, त** [redacted] **-** सामान्य कामका लागि धेरै [redacted] पर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। [redacted] ौति निम्त्याउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु,** [redacted] **यि, यु) -** ठूलो भागको आशा राख्द [redacted] तु समेत गुम्न सक्छ। अरूका विषयमा चासो लिँ [redacted] मेला व्यहोर्नुपर्ला।

**धनु (ये, यो, भ, भि, भु,** [redacted] **) -** स्वास्थ्यका लागि व्यायाम त [redacted] मा ध्यान पुऱ्याउनुहोला। तत्काल फाइदा नभए पनि [redacted] उन सकिनेछ।

**मकर (भो, ज, जि, खि,** [redacted] **गा, गि) -** [redacted] घुमफिर तथा मनोरञ्जनको समय छ। तर, लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** सामान्य कामलाई सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ। आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ। वचन पूरा गर्न नसक्दा आलोचित भइनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** परिस्थिति र सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला। हडबडीले घर-व्यवहारमा केही समस्या निम्त्याउनेछ।